नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# दार्चुला भन्सार कार्यालय

खलंगा, दार्चुला

## भन्सार नियमावली, २०६४ को नियम ३५(१) बमोजिम गोप्य शिलबन्दी बोलपत्रद्वारा सवारी तथा ढुवानीका साधन लिलाम विक्री गर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति :- २०८२/०४/२६)**

चोरी निकासी/पैठारीको अभियोगमा पक्राउ भई यस कार्यालयबाट जफत भएका तपसिलमा उल्लिखित सवारी/ढुवानी साधन जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गरिने भएकाले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) (२०८२/०५/१५ गते) दिनभित्र निम्नलिखित शर्तहरुको अधिनमा रहने गरी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ । बोलपत्र फाराम यस कार्यालयबाट तपसिलमा उल्लिखित दस्तुर तिरेर खरिद गर्न सकिने छ । बोलपत्र पेश गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले न्यूनतम मूल्यमा नघट्ने गरी आफूले कबोल गरेको रकमको १०(दश) प्रतिशतले हुने रकम राष्ट्रिय वाणिज्य बैंक, दार्चुला शाखामा रहेको को.ले.नि.का.दार्चुलाको ४०९०१००१०२०३०००० नम्बरको खातामा जम्मा गरी सोको सक्कल भौचर बोलपत्रसाथ संलग्न गरी पेश गर्नु पर्नेछ। अन्य कुरा बुझ्नुपर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ।

कार्यालय प्रमुख

### तपसिल

| बोलपत्र नं. | मु.नं./ दर्ता मिति | सवारी साधन विवरण | कम्पनिको नाम | इन्जिन नं. | चेसिस नं. | उत्पादन वर्ष | सि.सि. | न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १०-२०८१।२।८ | महिन्द्रा बोलेरो पिकअप | महिन्द्रा | GHE4J59796 | MA1RU2GHKE3J47461 | 2014 | 2523 | २५७६९८।- | |
| २ | २३-२०८२।२।१० | महिन्द्रा बोलेरो पिकअप | महिन्द्रा | GHJ4K62082 | MA1RU2GHKJ3K96938 | 2018 | 2523 | ६२९१४५।- | |

**शर्तहरु:**

१. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र प्रति बोलपत्र रु. १,०००/- दस्तुर बुझाइ (फिर्ता नहुने गरी) यस कार्यालयबाट बोलपत्र खरिद गर्न सकिनेछ । कार्यालयबाट खरिद गरेको र खरिद गर्ने व्यक्ति वा फर्म बाहेक अन्यले बोलपत्र दाखिला गर्न सक्ने छैन ।

२. बोलपत्रमा बोलपत्रदाताले आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । सच्याइएको वा केरमेट गरेको स्थानामा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अङ्क र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । कुनै पनि शर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन ।

३. बोलपत्र फारम २२ औं दिन (मिति २०८२/०५/१६ गते) १२:०० बजेसम्म दर्ता गरिसक्नु पर्नेछ । बोलपत्र दर्ता गर्दा सिलबन्दी खाम बाहिर बोलपत्र नम्बर अनिवार्य रुपमा लेख्नु पर्नेछ । २२ औं दिन दिनको १२:०० बजेसम्म दर्ता हुन आएको बोलपत्र सोही दिन ३:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ ।

४. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा फर्म/कम्पनी/संघ-संस्थाको हकमा आयकर, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पुरा नाम, थर लेखि फर्मको आधिकारिक सही छाप गरेको हुनु पर्नेछ।

५. ईच्छुक व्यक्तिले सवारी तथा ढुवानी साधन हेर्न चाहेमा यस कार्यालयमा आएर प्रत्येक मंगलबार र बिहीबार दिनको २:०० बजेपछि हेर्न बुझ्न सकिनेछ ।

फोन नं. : ०९३-४२०१३० (Email : darchula@customs.gov.np) (website: www.darchula.customs.gov.np)

६. बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको वेबसाइट www.darchula.customs.gov.np र यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराईनेछ । कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि सो रकममा नियमानुसार सडक निर्माण दस्तुर र मू.अ.कर समेत दाखिला गरी बोलपत्र स्वीकृत भएको ७ दिनभित्र सवारी तथा ढुवानीका साधनहरु उठाई लैजानु पर्नेछ । सात दिनभित्र नउठाएमा धरौटी रकम जफत गरी क्रमशः अन्य बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गरिनेछ ।

७. लिलामबाट सकार गरेको सवारी साधनहरु प्रचलित ऐन नियमानुसार दर्ता गराउने कार्य निज लिलाम सकारकर्ताको नै हुनेछ ।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. बोलपत्रको प्रकाशित सूचना कार्यालयले कुनै पनि बेला सूचना प्रकाशित गरी संशोधन, स्थगन वा रद्ध गर्न सक्नेछ।

१०. यसमा उल्लेख भएदेखि बाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । सूचनाको विस्तृत विवरण यस कार्यालय तथा भन्सार विभागको वेवसाइट **www.darchula.customs.gov.np** र **www.customs.gov.np** मा राखिएको छ।

२०८१/०८/२३

कार्यालय प्रमुख